बैठक नं. ७

आज मिति २०८१।०९।१९ गते शुक्रबारको दिन विहान १०:०० बजे यस वराहपोखरी गाउँपालिकाका अध्यक्ष श्री शालिकराम बन्जाराज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न विषयमा छलफल एवं निर्णय गरियो।

**उपस्थिति**

| क्र सं | पद | पदाधिकारीको नाम र थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री शालिकराम बन्जारा | |
| २ | उपाध्यक्ष | श्री भुवलराज राई | |
| ३ | प्र.प्र.अ./सदस्य सचिव | श्री दिल कुमार अधिकारी | |
| ४ | सदस्य | श्री ढक बहादुर कार्की | |
| ५ | सदस्य | श्री पदम बहादुर मगर | |
| ६ | सदस्य | श्री तारा कुमार राई | |
| ७ | सदस्य | श्री सन्तोष आचार्य | |
| ८ | सदस्य | श्री फौदराज राई | |
| ९ | सदस्य | श्री दुर्गा बहादुर राई | |
| १० | सदस्य | श्री गणेश बहादुर परियार | |
| ११ | सदस्य | श्री पुर्ण बहादुर माझी | |
| १२ | सदस्य | श्री चिजा दर्जी | |
| १३ | सदस्य | श्री शोभा राई | |
| १४ | सदस्य | श्री कमला नेपाली | |
| १५ | सदस्य | श्री मनिशा विश्वकर्मा | |

आमन्त्रित

१. छत्र बहादुर बानियाँ – प्र. अ.

2. रमेश परियार – [illegible]

3. रञ्जित लामा – इ. प्र. अ.

**प्रस्तावहरु**

१. वडा नं. ४ को वडा भवनको DPR रिभ्यू गरि सम्झौता तथा स्वास्थ्य चौकी पौवासेरा भवनको सम्झौता सम्बन्धमा ।
२. कर्मचारी सरुवा सहमती सम्बन्धमा ।
३. योजनाको नाम संसोधन सम्बन्धमा ।
४. आर्थिक सहायता सम्बन्धमा ।

**निर्णय नं. १:** यस गाउँपालिकाको चालु २०८१।०८२ को वार्षिक स्वीकृत योजनाहरु क्रमश: वडा नं ४ को वडा कार्यालय भवन निर्माण तथा स्वास्थ्य चौकी पौवासेराको स्वास्थ्य भवन निर्माण योजनाको लागि जग्गा प्राप्ती आवश्यक प्रकृया पुरा गरि सुरु गरी गाउँ कार्यपालिकाबाट निर्णय भई सम्बन्धित निकायमा जग्गा पासको लागि फाइल पठाइएकोमा सो फाइल स्वीकृतीको अन्तिम चरणमा भुमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयमा रहेको तथा जग्गा प्राप्तीमा कुनै पनि प्रकारको विवाद नरहेको, योजना कार्यान्वयनको लागि चालु आ व को समय पनि आधा सकिएको र योजना सुरु नगर्दा समयमै सम्पन्न नहुने भएकोले हाललाई उक्त योजनाहरु सम्झौता गर्ने र धनिपुर्जा गाउँपालिकाको नाममा प्राप्त भएपछि नियमानुसार पेश्की उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २:** यस गाउँपालिका अन्तर्गतको स्वास्थ्य चौकी फाक्टाङमा कार्यरत अ.न.मि. सहायकस्तर चौथो श्री आरति कुमारी शाहले यस कार्यालयबाट दुहवी नगरपालिका, सुनसरीमा सरुवा भई जान सहमति माग गरेकोले निज कर्मचारी बिना पनि यस कार्यालयको सेवा प्रवाहमा कुनै पनि किसिमको असर नपर्ने देखिएकोले निजलाई सरुवा जान सहमति दिने निर्णय गरियो ।

**निर्णय नं. ३:** चालु आ.व. २०८१।०८२ को गाउँसभाको १६ औँ अधिवेशनमा गत १५ औँ अधिवेशनबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरुको नाम संशोधन सम्बन्धमा सम्बन्धित वडा कार्यालयलाई मिति २०८१।०९।२१ गते कार्यालय समयभित्र पेश गर्न सम्बन्धित वडालाई जानकारी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४:** तपसिलमा उल्लेख भएका व्यक्ति तथा संस्थालाई तपसिल बमोजिमको आर्थिक सहायता रकम अन्य सामाजिक सहायता खर्च शिर्षक बाट भुक्तानीका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | व्यक्ति/संस्थाको नाम | ठेगाना | राहत रकम रु. | निवेदकको नाम थर | कारण | कै. |
|---|---|---|---|---|---|---|
| १ | भुपध्वज राई | वराहपोखरी गा पा ६ | १५,०००।०० | धुर्वकला राई | क्यान्सर पिडित | |

आजको बैठक समापन गरियो ।